लिंगमा आधारित हिंसा पीडितहरु तथा बेचविखन पीडितहरुका लागि सहायक मानक कार्यसञ्चालन कार्यविधि

पृष्ठभूमि

नेपालको कानुनी व्यवस्थाहरुले मानव बेचविखन तथा महिला विरुद्धको हिंसाका विरुद्ध संरक्षण प्रदान गरेको छ। नेपालको संविधान, २०७२ को धारा २९(३) मा 'शोषण विरुद्धको हक' अन्तर्गत 'कसैलाई पनि बेचविखन गर्न ... पाइने छैन' भन्ने उल्लेख गर्दै मानव बेचविखनलाई प्रतिबन्धित गरेको छ। त्यस्तै, संविधानको मौलिक हकको खण्डमा महिला हिंसा विरुद्ध संरक्षणको व्यवस्था गरिएको छ। संविधानको धारा ३८(३) मा 'महिलाको हक' अन्तर्गत 'महिला विरुद्ध ... ...शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक, वा अन्य कुनै पनि प्रकारको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ' भन्ने प्रावधान राखिएको छ।

मानव बेचविखन तथा महिला विरुद्धको हिंसाको प्रतिवाद गर्न नेपालमा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ लागु गरिएको छ। त्यस्तै, लागु रहेका अन्य सान्दर्भिक ऐनहरुमा मुलुकी अपराध संहिता (२०७४), वैदेशिक रोजगार ऐन (२०६४), कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन (२०७१) तथा बोक्सीको आरोप (कसूर तथा सजाय) ऐन (२०७२) जस्ता ऐनहरु पर्दछन्। यस बाहेक, नेपालले अनुमोदन वा स्वीकार गरेका विभिन्न अन्तर्राष्ट्रिय सन्धि तथा प्रोटोकलहरु पालना गर्नुपर्ने दायित्वहरु पनि छन्। ती मध्ये केही मानव बेचविखन रोकथाम, न्युनीकरण तथा सजाय सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रोटोकल एवम् खासगरी महिला र बालबालिका, २००० (पलेर्मो प्रोटोकल) तथा महिला विरुद्ध हुने सबै प्रकार विभेद उन्मुलन सम्बन्धी महासन्धि आदि हुन्।

उपरोक्त धेरै कानुनहरुमा खासगरी लिंगको आधारमा हुने विभेद रोक्नका लागि कैयौं स्थानमा 'लिंग' भन्ने शब्द उल्लेख गरिएता पनि यसको मुख्य ध्यान भने महिला माथि नै छ। सोही प्रचलन नै अभ्यासमा पनि रहेको देखिन्छ। त्यसैकारणले कानुनी कार्यविधिहरु महिला केन्द्रित हुन पुगेको छ र अन्य लिंगका व्यक्तिहरु पनि हिंसामा पर्न सक्छन् भन्ने धारणा विरलै रुपमा अस्तित्वमा रहेको पाइन्छ।[1]

पर्याप्त रुपमा बृहत कानुनहरु हुँदाहुँदै पनि विद्यमान अर्को मुख्य कमी भनेको बेचविखन तथा लिंगमा आधारित हिंसाका पीडितहरुको पहिचान र जाँचबुझ गर्ने कुनै निर्देशिका वा मानक कार्यसञ्चालन कार्यविधि नहुनु पनि हो। फलतः कुनै व्यक्ति मानव बेचविखन वा लिंगमा आधारित हिंसामा परेको हो वा होइन भनी पत्ता लगाउनका लागि सामाजिक कार्यकर्ताहरु, प्रहरी, गैरसरकारी संस्थाका अभियानकर्मीहरु, अभियोजनकर्ताहरु, अध्यागमन अधिकारीहरु तथा पीडितको प्रत्यक्ष सम्पर्कमा आउने अन्य अधिकारीहरु आफ्नो वर्षौंदेखिको अनुभव तथा व्यवहारिक ज्ञानमा भर पर्नु परेको छ।

निर्देशिकाहरुको अभावले प्रथम सम्बोधनकर्ताहरु (फर्स्ट रेस्पोन्डर्स) बाट गरिने पीडितको पहिचान सम्बन्धी कार्यमा बाधा पुऱ्याएको छ। त्यस्तै विगतमा सबै सरोकारवालाहरुले प्रयोग गर्न सक्ने मानक निर्देशिका बनाउने सम्बन्धमा पनि केही प्रयत्नहरु मात्र भएका छन्। सोही प्रक्रियाको क्रममा लिंगमा आधारित हिंसा तथा मानव बेचविखन निवारण गर्नका लागि हस्तक्षेप वा त्यस्तै प्रकारका क्रियाकलाप गर्ने कर्ताहरुले अपनाउन सक्ने तीनवटा दस्तावेजहरु माथि अहिले विचार गरिँदैछ। उपरोक्त दस्तावेजहरु निम्नानुसार छन्:

क. राष्ट्रिय महिला आयोगद्वारा तयार पारिएको मानक कार्य सञ्चालन कार्यविधि तथा नैतिक निर्देशिका (जुलाई २०२०)

ख. मानव बेचविखन तथा ओसारपोसारका पीडितहरुको पहिचान सम्बन्धी निर्देशिका, २०७६ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका लागि संयुक्त राष्ट्र संघीय लागु औषध तथा अपराध कार्यालयको सहयोगमा महान्यायाधिवक्ताको कार्यालयले तयार पारेको; तथा

ग. मानव बेचविखनका पीडितहरुको उद्धार तथा स्वदेश फिर्तीका लागि कार्यसञ्चालन मापदण्ड, २०७७ – राष्ट्रिय सञ्जाल, महिला तथा बालबालिका बेचविखन विरुद्ध सहकर्मी समूह नेपालको नमुना सहयोगी दस्तावेजहरु[3]

राष्ट्रिय महिला आयोगको इन्टग्रेटेड प्लाटफर्म फर जेण्डर-बेस्ड भायोलेन्स प्रिभेन्सन एण्ड रेस्पोन्स इन नेपाल प्रोजेक्ट (सम्बोधन) मातहत मस्यौदा गरिएको मानक कार्यसञ्चान कार्यविधि तथा नैतिक निर्देशिका राष्ट्रिय हेल्पलाइन प्रयोग गरी लिंगमा आधारित हिंसाका पीडितहरुका साथै आश्रय गृहबाट सेवा प्रदान गर्ने व्यक्तिहरु तथा सरकारी नियमहरुको पालना गर्दै मनौवैज्ञानिक परामर्श, बाल सहयोग तथा कानुनी सेवाहरु प्रदान गर्ने व्यक्तिहरुले प्रयोग गरुन् भन्ने उद्देश्यले बनाइएको हो।

त्यस्तै, पीडितहरुको अधिकारको सुनिश्चितता, मानव बेचविखन तथा ओसारपसारका पीडितहरुको अधिकारको रक्षा र पहिचान र तिनको पुनर्स्थापना गर्न तथा अनुसन्धान अधिकारीहरु, अभियोजनकर्ता तथा अन्य सरोकारवालाहरुलाई सहयोग गरेर उनीहरुको न्यायमा पहुँच स्थापित गर्ने उद्देश्यका साथ मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ को 'प्रभावकारी कार्यान्वयन' गर्नका लागि मानव बेचविखन तथा ओसारपसारका पीडितहरुको पहिचान सम्बन्धी निर्देशिका मस्यौदा गरिएको हो।

[1] In a very recent case however, the rape and murder of a transgender person by three men led to their conviction by the trial court by awarding life sentences. 'NSWP Members in Nepal Welcome Court Ruling in Violent Murder case', 7 February 202², https://www.nswp.org/news/nswp-members-nepal-welcome-court-ruling-violent-murder-case.

तेस्रो दस्तावेज, मानव बेचविखनका पीडितहरुको उद्धार तथा स्वदेश फिर्ती सम्बन्धी कार्यविधि राज्यलाई मानव बेचविखनका पीडितहरुको उद्धार तथा स्वदेश फिर्ती सम्बन्धी मानक कार्यसञ्चालन कार्यविधि मस्यौदा गर्न सघाउनका लागि तयार पारिएको थियो । यस मानक कार्यसञ्चालन कार्यविधिले मानव बेचविखन नियन्त्रणका कानुन, नीति तथा राष्ट्रिय कार्य योजनाहरुको प्रभावकारितामा वृद्धिका साथै उद्धार, स्वदेश फिर्ती, पुनर्स्थापना तथा परिवार एवम् समाजमा पुनर्स्थापना र पुनः एकीकरण सेवाहरुमा समानता र प्रभावकारिता अभिवृद्धि गर्ने अपेक्षा राखेको छ ।

हाल उपरोक्त तीनवटै दस्तावेजहरु अंगीकार गर्ने वा संशोधन गर्ने विभिन्न चरणमा छन् । यद्यपि, लिंगमा आधारित हिंसा सम्बन्धी मानक कार्यसञ्चालन कार्यविधिको एक ठाउँमा पनि बेचविखनको विषय उल्लेख नभएको तथा मानव बेचविखन तथा ओसारपसारका पीडितहरुको पहिचान गर्ने निर्देशिकाले लिंगमा आधारित हिंसाको विषयमा एक पटक पनि उल्लेख नगरेको कुरा स्मरणयोग्य छ । मानव बेचविखन सम्बन्धी दस्तावेजमा लिंगमा आधारित हिंसाको विषय उल्लेख भएको एकमात्र सम्भावना भनेको दफा १२ मा भएको मानव बेचविखनका पीडितका विरुद्ध भएको 'अन्य कुनै कसूर' मा अनुसन्धान गर्नुपर्ने भन्ने वाक्यांश नै हो । यसैगरी, मानव बेचविखनका पीडितहरुको उद्धार तथा स्वदेश फिर्ती सम्बन्धी मानक कार्यसञ्चालन कार्यविधिले लिंगमा आधारित हिंसाको बारेमा उल्लेख गरेको भए पनि यो लिंगमा आधारित हिंसाका पीडितहरुका लागि सेवाको विस्तार गर्ने आवश्यकताको सन्दर्भमा मात्र सीमित छ ।

'लिंगमा आधारित हिंसा तथा मानव बेचविखन पीडितहरुको जाँचबुझ तथा सेवाहरुको अनुकूलन' सम्बन्धी अनुसन्धान परियोजनाको एउटा भागका रुपमा नेपाल देश प्रतिवेदन तयार गर्दैगर्दा लिंगमा आधारित हिंसाका पीडितहरु मानव बेचविखनको जोखिममा हुने तथा मानव बेचविखनका कारण लिंगमा आधारित हिंसामा पर्न सक्ने विषयलाई उपरोक्त दस्तावेजहरुले पहिचान गर्न नसक्नु तिनमा रहको एउटा प्रष्ट कमजोरी हो भन्ने बारेमा सोसल साइन्स बाहाका अनुसन्धान समूह तथा सहकार्य साझेदार द एसिया फाउण्डेसन विश्वस्त छ ।

सन्दर्भ

यो खण्डलाई दुई उपखण्डहरुमा विभाजन गरिएको छ । पहिलो खण्डमा लिंगमा आधारित हिंसा र मानव बेचविखन कसरी एक अर्कामा घनिष्ठ रुपमा अन्तरसम्बन्धित छन् भन्ने उल्लेख गरेको अध्ययनको मुख्य निष्कर्षहरु रहेको छ । यो खण्डले उपरोक्त परियोजनाका लागि गरिएको अनुसन्धानको भागका रुपमा संकलन गरिएको उपलब्ध साहित्य तथा प्रयोगसिद्ध प्रमाणहरुबाट प्राप्त मुख्य निष्कर्षका बारेमा चर्चा गर्दछ । प्रयोगसिद्ध प्रमाणमा मानव बेचविखन तथा लिंगमा आधारित हिंसाका पीडितहरु, सेवा प्रदायकहरु (गैरसरकारी संस्थाहरु, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, सरकारी निकायहरु तथा आश्रय गृहको प्रतिनिधित्व गर्ने), कानुन कार्यान्वयन अधिकारीहरु (नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा अध्यागमन अधिकारीहरुको प्रतिनिधित्व गर्ने) सँगको अन्तरवार्ता तथा मुद्दा केन्द्रित समूहसँगको छलफलहरु रहेका छन् । यसमा परियोजनाका लागि शक्ति समूहले मानव बेचविखन तथा लिंगमा आधारित हिंसाका पीडितहरु, सो क्षेत्रमा कार्यरत नागरिक समाज संगठनहरु, सरकारी अधिकारीहरु तथा नेपाल प्रहरीसँग मानव बेचविखन तथा लिंगमा आधारित हिंसा बीचको सम्भावित सम्बन्धहरुका बारेमा मुद्दा केन्द्रित समूहसँग भर्चुअल रुपमा गरेको श्रृंखलाबद्ध छलफलहरुबाट प्राप्त निष्कर्षहरुको संक्षिप्त सारांश पनि समावेश छ । दोस्रो उपखण्डले यस प्रतिवेदनको उद्देश्यको सन्दर्भमा विद्यमान मानक कार्यसञ्चालन कार्यविधि तथा निर्देशिकाहरुको संक्षिप्त पुनरावलोकनलाई समेटेको छ ।

मानव बेचविखन तथा लिंगमा आधारित हिंसा बीचको सम्बन्ध

महिला विरुद्ध हुने हिंसा, यसका कारण तथा परिणामहरुका विषयमा सन् २०१८ मा राष्ट्र संघीय विशेष प्रतिवेदक (रापोर्टर) ले गरेको भ्रमण पश्चात् उनले नेपालमा महिला विरुद्धको हिंसा 'व्यापक तथा देशभरिकै निजी र सार्वजनिक क्षेत्रमा व्याप्त रहेको र जरा गाडेर रहेको पितृसत्तात्मक प्रवृत्ति, लैंगिक रुढीवादिता तथा हानीकारक अभ्यासहरुका कारण अझै जटिल भएको' भनी उल्लेख गरेकी छिन् । लिंगमा आधारित हिंसातर्फ उन्मुख गराउने कारकहरु तथा मानव बेचविखनलाई अझै तीब्र बनाउने घरेलु हिंसा, विकृत परिवार, पारिवारिक विछोड, चरम गरिबी तथा बाल विवाह र जबरजस्ती विवाह जस्ता बालिका तथा महिलाहरुलाई आफ्नो वैवाहिक घरबाट अलग गराउने विषयहरु बीच स्पष्ट अन्तरसम्बन्ध रहेको छ ।

श्रम प्रवासनको क्षेत्र पनि महिलाहरुलाई बेचविखनको जोखिममा पार्ने मुख्य स्रोतको रुपमा उदाउँदो छ । तथापि, प्रवासन आफैंमा इच्छाको विषय भएको र यसैका कारण मात्र महिला असुरक्षित नहुने भएता पनि उचित सूचनामा पहुँचको अभाव तथा राज्यको संरक्षणवादी नीतिहरुले महिलाहरुलाई आफूलाई आवश्यक पर्ने सूचनामा कम पहुँच हुँदा यसले उनीहरुलाई मानव बेचविखनको बढ्दो जोखिममा पार्ने गरी अवैधानिक रुपमा प्रवासन गर्नका लागि बाध्य बनाएको छ त्यस्तै, व्यक्तिहरुलाई श्रम प्रवासनमा संलग्न हुन बढावा दिने थुप्रै सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक कारणहरु पनि छन् । तीमध्ये गरिबीलाई महिलाहरुलाई बेचविखनमा पर्न सक्ने गरी संवेदनशील बनाउने अवस्थामा पुऱ्याउने मुख्य कारणका रुपमा पहिचान गरिएको छ । बेचविखनकर्ताहरुले महिलाको सामाजिक, पारिवारिक तथा आर्थिक अवस्थाको आधारमा पनि सम्भावित पीडितहरुलाई निशाना बनाउँछन् । विशेष प्रतिवेदकले उल्लेख गरेजस्तै 'आर्थिक कठिनाई खपिरहेका र विदेशमा कामको विकल्प खोजिरहेका महिलाहरुले बेचविखन र यौनशोषणमा पर्न सक्ने उच्च जोखिमको सामना गर्नुपर्छ ।' वस्तुतः सन् १९९२ मा ऋभम्ब्ध को महिला विरुद्धको हिंसामा सामान्य सुझाव नं. १९ ले वर्गीकृत रुपमा नै 'गरिबी तथा बेरोजगारीले गर्दा महिलाको बेचविखनका लागि बेचविखनकर्ताहरुको अवसर बढाउने' तथ्य पहिचान गरेको छ र राज्य पक्षलाई यसका विरुद्ध 'विशिष्ट निवारक र दण्डात्मक' उपायहरु अपनाउन सुझाएको छ ।

---

[2] The year mentioned is in the Bikram Sambat calendar, which, in the absence of any indication of when precisely the draft was readied, could be either 2019 or 2020. Original title in Nepali, 'Manav Bechbikhan tatha Osarpasar Piditko Pahichan Sambandhi Marganirdeshan, 2076' under consideration by the Government of Nepal.

[3] The year mentioned is in the Bikram Sambat calendar, which, in the absence of any indication of when precisely the draft was readied, could be either 2019 or 2020. Original title in Nepali, 'Manav Bechbikhanbata Pidit/Prabhavit Byaktiharuko Uddar tatha Firtikalagi Karyasanchalan Prakriyasambandhi Mapdanda – Namuna Sahayogi Dastawej'.

[4] The project was funded by the United States Department of State through the 'Optimizing Screening and Support Services for GBV and TIP Victims' grant of The Asia Foundation.

नेपाली महिलाले प्रवासन अघि, प्रवासनको क्रममा र प्रवासन पश्चात पनि निरन्तर लिंगमा आधारित हिंसा र दुर्व्यवहार अनुभव गर्नु परेको प्रमाणहरु छन् । महिलाहरुले प्रायजसो मुख्यगरी आफ्नो श्रीमान तथा परिवारका अन्य पुरुष सदस्यद्वारा घरमा हुने हिंसा र विभेदलाई आफू विदेशिनु पर्ने मुख्य कारणका रुपमा उल्लेख गर्ने गरेका छन् । हिंसा र दुर्व्यवहारको घटनाहरुलाई एउटा अलग्गै घटनाका रुपमा नभई महिलाहरुबाट हिंसात्मक रुपमा शारीरिक श्रम गराइने प्रणालीको एउटा भागको रुपमा हेरिन्छ । परिवारको रेखदेख गर्नुपर्ने अत्याधिक दवाब, 'पारिवारिक सम्मान' कायम गर्नुपर्ने तथा ऋण तिर्नुपर्ने परिस्थितिसँगै प्रवासनको क्रममा महिला कामदारहरुले सामना गर्नुपर्ने भाषिक, सामाजिक तथा सांस्कृतिक बाधाअड्चनहरुले लिंगमा आधारित हिंसाको जोखिम बढाउँछ तथा समाधानका अवसरहरुलाई सीमित पार्दछ ।[6]

वैदेशिक रोजगारीबाट फर्किएका महिलाहरु पनि घरेलु हिंसाको शिकार हुन सक्छन्, जसले त्यस्तो समूहका महिलाहरुको मानव बेचविखन हुनसक्ने जोखिम बढाउँछ । लिंगमा आधारित हिंसाका पीडितहरु मानव बेचविखनमा परेर उद्धार भए पश्चात् तिनले पुनः लिंगमा आधारित हिंसा भोग्नु परेको हुनसक्ने सम्भावनाहरु पनि छन् । श्रीमान वैदेशिक रोजगारमा बाहिर भएका महिलाहरुले पनि 'घरेलु कामको बोझ, सामाजिक हिंसा, आर्थिक हिंसा र आतंक, यौन हिंसा तथा घरेलु हिंसा' सामना गर्नु परेको छ । अवस्थालाई झनै जटिल बनाउने गरी महिलाले आफू काम गर्न गएको गन्तव्य देश, खासगरी गल्फ कोअपरेसन काउन्सिलका देशहरुमा पनि शोषण र दुर्व्यवहार भोग्नुपरेको कारण महिलाको आवतजावतमा प्रतिबन्ध लगाइएकाले उनीहरु अवैधानिक माध्यमबाट विदेशिनु पर्दा उनीहरुलाई झनै बढी संवेदनशील बनाएको छ ।[8]

घरमा हुने शारीरिक तथा अन्य प्रकारका उत्पीडनहरुबाट भाग्ने प्रयत्नका अतिरिक्त 'आकांक्षापूर्ण प्रवासन' पनि व्यक्तिलाई बेचविखनमा पार्ने मुख्य तत्व हो । धेरै प्रवासी कामदारहरुले व्यक्तिगत आकांक्षा र राम्रो तलब एवम् रोजगारीको आशाको अगाडि अवैधानिक प्रवासनको जोखिमलाई गौण ठान्ने कारण बेचविखनमा पर्ने जोखिम बढाएको छ । धेरैजसो उदाहरणमा, दलालहरुले पीडितहरुलाई कुनै एउटा कम्पनीमा वैदेशिक रोजगारी दिलाउने लोभ देखाएर घरेलु मजदुर हुनुपर्ने अवस्थामा पार्दछन् ।

असाधारण रुपमा, लिंगमा आधारित हिंसाले मानव बेचविखनमा पर्न सक्ने जोखिम बढाउने कुरा एकदम प्रष्ट छ । बेचविखनका अधिकांश पीडितहरुले आफू बेचविखनमा पर्नु पूर्व कुनै प्रकारको लिंगमा आधारित हिंसा अनुभव गरेका छन्, तथा उनीहरु आफू लिंगमा आधारित हिंसामा पर्न सक्ने बारेमा अवगत नहुन सक्छन् । करिब करिब सबैजसो मामिलाहरुमा, उनीहरुलाई बेचविखन गर्ने व्यक्ति उनीहरुले पहिले देखि नै चिनेजानेको व्यक्ति (छिमेकी, आफन्त, साथी, परिवारका सदस्य) हुने गरेका छन् तथा यस्ता बेचविखनकर्ताहरु पहिलेदेखि नै पीडितहरु सो समयमा कस्तो परिस्थितिमा छन् भन्ने कुरामा जानकार हुन्छन् । त्यस्तै, उद्धार पश्चात पनि धेरैजसो पीडितहरुले मानव बेचविखनका पीडित भएकै कारणले निरन्तर लिंगमा आधारित हिंसाको सामना गर्दछन् ।

विद्यमान संरचनाहरु

लिंगमा आधारित हिंसा र मानव बेचविखनका सम्बन्धमा नेपालमा लागु रहेका मानक कार्यसञ्चालन कार्यविधिहरु तथा निर्देशिकाहरु तल उल्लेख गरे बमोजिम उपरोक्त दुई विषयहरुका बीच सम्बन्ध स्थापित गर्न असफल छन् ।

लिंगमा आधारित हिंसाका पीडितहरुको स्वास्थ्य हेरचाह सेवाको प्रभावकारी व्यवस्थापन गर्ने निर्देशक औजारको रुपमा प्रयोग गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले लिंगमा आधारित हिंसाको क्लिनिकल प्रोटोकल (२०७२) तयार गरेको थियो । यसको उद्देश्य स्वास्थ्य हेरचाह सेवा प्रदायकहरुलाई पीडितहरुलाई गुणस्तरीय सेवा प्रदान गर्न सक्षम बनाउनु; तथा पीडितहरुलाई औषधोपचार तथा मनोवैज्ञानिक सेवा समेतको एउटा समग्रतम सेवा प्रदान गर्ने मापदण्ड निर्धारण गर्नु हो । यो प्रोटोकलले महिला, पुरुष तथा बालबालिका विरुद्ध हुने यौनजन्य, शारीरिक, मानसिक तथा भावनात्मक हिंसालाई समेट्ने भएता पनि यसको मुख्य ध्यान महिला विरुद्ध हुने लिंगमा आधारित हिंसामा केन्द्रित छ । उपरोक्त प्रोटोकलले मानव बेचविखनको विषय उल्लेख गरेको भए पनि यो अन्य कानुनहरुका साथै मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन (२०६४) को अनुसूची १८ को मुख्य विषयवस्तुको साराशंको सन्दर्भमा मात्रै सीमित रहेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयकै अस्पतालहरुमा आधारित एकै स्थानबाट संकट व्यवस्थापन केन्द्र सञ्चालन निर्देशिका (२०११) त्यस्तो सेवा लागु गर्ने अस्पतालहरु, स्थास्थ्य केन्द्रहरु, जिल्ला न्यायाधिवक्ताको कार्यालयहरु, जिल्ला प्रहरी कार्यालयहरु, महिला तथा बालबालिका कार्यालयहरुका साथै ती सेवाहरुको व्यवस्थापन, अनुगमन तथा मूल्यांकन गर्ने जिम्मेवारी भएका सम्बन्धित संगठनहरुको लागि एउटा निर्देशक औजार हो । यो निर्देशिकाले स्वास्थ्य सेवाहरु, मनोवैज्ञानिक परामर्श, सूचना, शिक्षा तथा सशक्तिकरण, सुरक्षित घर सेवा तथा पुनर्स्थापना जस्ता पीडितहरुलाई प्रदान गरिने प्राथमिक सेवाहरुका लागि मार्गदर्शन प्रदान गर्दछ । यो निर्देशिकाको मुख्य पाठमा कतै पनि मानव बेचविखनका बारेमा उल्लेख छैन । तथापि यसको अनुसूची ४ ले मानव बेचविखनलाई लिंगमा आधारित हिंसाको एउटा भाग भएको तर्फ भने औंल्याएको छ ।

संयुक्त राष्ट्र संघीय लागु औषध तथा अपराध कार्यालयले तयार पारेको भारत-नेपाल सीमापार मानव बेचविखनलाई प्रतिवाद गर्ने प्रथम सम्बोधनकर्ता (फर्स्ट रेस्पोन्डर्स) सम्बन्धी कार्यविधि (२०१७) ले सीमा रक्षक, प्रहरी/मानव बेचविखन विरुद्धको इकाइ, गैरसरकारी संस्था, विमानस्थल तथा सडक यातायात अधिकारीहरु, अध्यागमन अधिकारीहरु, आश्रय गृह र नागरिकहरु समेत प्रथम सम्बोधनकर्ताका लागि मानव बेचविखनका पीडितहरुको पहिचान गर्ने सूचकहरुको विस्तृत खाका दिएको छ । यो मानक कार्यसञ्चालन कार्यविधि सम्भावित मानव बेचविखनका पीडितहरु तथा शंकास्पद बेचविखनकर्ताहरुलाई सीमामा रोक्ने कुरामा केन्द्रित हुनुका साथै यसले नेपाल भारत बीचको औपचारिक तथा अनौपचारिक स्वदेश फिर्ती प्रक्रियाको रुपरेखा कोरेको छ । यो कार्यविधिमा नेपालमा लिंगमा आधारित हिंसाका पीडितहरुलाई हेल्पलाइन उपलब्ध गराउने सूचीमा मात्र एक ठाउँमा लिंगमा आधारित हिंसाका बारेमा उल्लेख गरिएको छ ।

---

[5] United Nations Human Rights Council (UNHRC) (2019) Visit to Nepal: Report of the Special Rapporteur on violence against women, its causes and consequences A/HRC/41/42/Add.2. UNHRC Nepal.

[6] Global Alliance Against Traffic in Women (2017) Enabling Access to Justice: A CSO Perspective on the Challenges of Realising the Rights of South Asian Migrants in the Middle East. GAATW, Bangkok.

[7] Ministry of Health and Population (2017) Nepal Demographic and Health Survey 2016. Government of Nepal, Kathmandu.

[8] Uddhab Pyakurel (2018) Restrictive Labour Migration Policy on Nepalese Women and Consequences. Sociology and Anthropology, 6(8),650-656

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मानव बेचविखन विरुद्धको अभियानमा संलग्न सरोकारवालाहरुका लागि मनोसामाजिक परामर्श निर्देशिका (२०६९) ले मानव बेचविखनका पीडितहरुका लागि मनोसामाजिक परामर्शको व्यवस्था गरेको छ। मुख्यरुपमा, यो निर्देशिका पीडितहरु पुनः पीडित हुने सम्भावनाका विरुद्ध सचेतना अभिवृद्धि गर्नेतर्फ लक्षित छ। तर यसले पुनः पीडित हुनुको कारण घर, परिवार अथवा बृहत रुपमा समाजमा हुने लिंगमा आधारित हिंसाको परिणाम हो भन्ने बारेमा केही बोल्दैन।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयकै मानव बेचविखन विरुद्धको स्थानीय समिति र नगरपालिका समिति (गठन र परिचालन) निर्देशिका (२०७०) मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन (२०६४) बमोजिम स्थानीय तहमा गठन हुने त्यस्ता समितिहरुमा कसरी एकरुपता ल्याउने भन्ने तर्फ लक्षित छ। स्थानीय मानव बेचविखन विरुद्धका समितिहरुले स्थानीय लिंगमा आधारित हिंसा अनुगमन समूहलाई समावेश गरे पनि यसले त्यस्तो हिंसा नै बेचविखनको मुख्य कारण हुन सक्छ भन्ने तथ्यलाई अन्य रुपमा पहिचान गरेको छैन।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयकै मानव बेचविखन तथा ओसारपसार पीडितहरुको हेरचाह र संरक्षण सम्बन्धी न्युनतम राष्ट्रिय मापदण्ड (२०६८) ले दफा ३६ मा उल्लिखित संरक्षण अधिकारीहरुका बारेमा व्यवस्था गरेको छ। यसले घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ अन्तर्गत जिल्ला महिला तथा बालबालिका कार्यालयमा खटाइएका महिला संरक्षण अधिकारीहरुले मानव बेचविखनबाट प्रभावित व्यक्तिहरुका हकमा सम्पर्क व्यक्तिको रुपमा पनि काम गर्नुपर्ने कुरा मात्र भन्दछ र यसबाहेक उपरोक्त दुई विषयका बारेमा अन्य कुनै सम्बन्ध स्थापित गर्दैन।

मानक कार्यसञ्चालन कार्यविधिहरु - सहायक

साहित्यहरु तथा प्रयोगसिद्ध प्रमाणहरुको पुनरावलोकनबाट लिंगमा आधारित हिंसा तथा मानव बेचविखन बीच बलियो, स्पष्ट र करिब करिब रेखाकार (लिनीअर) सम्बन्ध विद्यमान भएको कुरा प्रष्ट छ। यसैकारण लिंगमा आधारित हिंसा तथा मानव बेचविखन रोक्न कार्यरत व्यक्तिहरुले ती विषयले कसरी एकअर्कालाई सघाइरहेका छन् भनी बुझ्नु झनै सान्दर्भिक हुन्छ। केही अपवादहरुलाई छाड्दा लिंगमा आधारित हिंसा अथवा मानव बेचविखनको क्षेत्रमा कार्यरत अधिकांश व्यक्ति तथा संस्थाहरुले उपरोक्त दुवै अपराधहरु एकै सिक्काका अविच्छिन्न पाटाहरु हुन् भने बुझ्ने आवश्यकता रहेकोतर्फ तत्काल हतार गर्नुपर्नेमा जोड दिन्छन्। तल प्रस्तुत गरिएको सहायक कार्यविधिहरु लिंगमा आधारित हिंसा तथा मानव बेचविखनलाई कसरी बुझ्ने भन्ने दृष्टिकोणमा परिवर्तन ल्याउनका साथै लिंगमा आधारित हिंसा तथा मानव बेचविखनका पीडितहरुलाई सेवा प्रदायकहरुले समान व्यवहार गर्नुपर्ने आवश्यकता सुनिश्चित गर्न गरिएको एउटा प्रयास हो। यसले विशिष्ट खण्डहरुको पहिचान गर्न माथि उल्लिखित तीनवटा दस्तावेजहरु उपर चर्चा गर्दछ र लिंगमा आधारित हिंसा र मानव बेचविखन बीच रहेको बलियो अन्तरसम्बन्धको अनुबद्धतामा ध्यान दिन सहयोग पुगोस् भनी सुझावहरु (बुलेटेड इटालिक्समा) दिइएको छ।

पढ्न सजिलो होस् भन्नका लागि सन्दर्भका रुपमा लिइएको दस्तावेजहरुलाई निम्न बमोजिम छोट्याइएको छ :

क. मानक कार्यसञ्चालन कार्यविधि तथा नैतिक निर्देशिका – लिंगमा आधारित हिंसाको मानक कार्य सञ्चालन कार्यविधि तथा नैतिक निर्देशिका

ख. मानव बेचविखन तथा ओसारपसारका पीडितहरुको पहिचान सम्बन्धी निर्देशिका, २०७६ – मानव बेचविखन सम्बन्धी निर्देशिका, तथा

ग. मानव बेचविखनका पीडितहरुको उद्धार तथा स्वदेश फिर्ती सम्बन्धी कार्यसञ्चालन कार्यविधि, २०७७ – नमुना सहायक दस्तावेज – मानव बेचविखन सम्बन्धी मानक कार्यसञ्चालन कार्यविधि

मुख्य शब्दावलीहहरु

तीनवटै दस्तावेजमा भएका एउटा कमजोरी भनेको तिनले लिंगमा आधारित हिंसा तथा मानव बेचविखन रोक्न तथा त्यस्ता पीडितहरुलाई सहयोग गर्ने कार्यमा खटिएका व्यक्तिहरुले बुझ्नु पर्ने महत्वपूर्ण अवधारणा तथा कार्यहरुको मानक परिभाषाहरुका बारेमा उल्लेख गरेका छैनन्।

सुसूचित सहमतिः सुसूचित सहमति भनेको व्यक्तिले बुझ्नुपर्ने सबै तथ्यहरु तथा आफूले चाल्ने कुनै कदमले ल्याउन सक्ने कुनै निहित परिणामका बारेमा विस्तृत रुपमा बुझेर स्वेच्छिक रुपमा दिइने सहमति हो। कुनै पनि व्यक्तिले आवश्यक सबै तथ्य सूचनाहरु प्राप्त गरेको तथा उनीहरु सुसूचित सहमति दिनका लागि त्यस्ता तथ्यहरुले के अर्थ राख्छन् भन्ने बारेमा बुझ्न सक्ने अवस्थामा रहेको कुरा सुनिश्चित गर्नु जरुरी हुन्छ।

सूसुचित अनुमतिः सुसूचित अनुमति मुख्यतया कुनै विषयका बारेमा उपलब्ध तथ्यहरुका बारेमा बुझ्नका लागि धेरै काँचो उमेरको भएका कारणले सुसूचित सहमति दिन असमर्थ रहेका तर सेवाहरु प्राप्त गर्न सहभागी हुन सहमत हुनसक्ने उमेरका बालबालिकाहरुका हकमा प्रदान गरिन्छ।

पीडितः पीडित भनेको त्यस्तो व्यक्ति हो जसका विरुद्ध लिंगमा आधारित हिंसा र/वा बेचविखन जस्तो कुनै अपराध भएको हुन्छ।

सर्भाइभरः 'सर्भाइभर' शब्दलाई प्रायजसो 'पीडित' भन्ने शब्द भन्दा बढी रुचाइएको छ। तर यसको संकेतार्थमा केही भिन्नता हुन्छ। 'पीडित' शब्द अपराधबाट पीडित भएको व्यक्ति (ती व्यक्तिहरु जसलाई उत्पीडन गरिएको हुन्छ) का लागि प्रयोग गरिन्छ भने 'सर्भाइभर' शब्दले ती व्यक्तिहरु जसले आघातको अनुभव गरेका हुन्छन् तर अहिले सुधारको क्रममा रहेका तथा आफ्नो भविष्यको कार्यभार स्वयं सम्हालिरहेका (सशक्त भइसकेका व्यक्तिहरु) लाई बुझाउँछ।

पीडकः एउटा व्यक्ति, व्यक्तिहरुको एउटा समूह वा एउटा संस्था जो कुनै अर्को व्यक्ति वा समूहका विरुद्ध हुने अपराधको कारण हुन्छ वा अपराध गर्न दिन्छ।

यी क्षेत्रमा कार्यरत व्यक्तिरुले मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन (२०६४) मा रहेका परिभाषाहरुका बारेमा जान्नु पनि महत्वपूर्ण छ।

मानव बेचविखनकर्ता: मानव बेचविखनमा व्यक्तिको खरिद वा बिक्रीको विषय निहित हुन्छ; कसैलाई वेश्यावृत्तिमा प्रयोग गर्नु; कानुनले निर्धारण गरेभन्दा बाहेकको अवस्थामा मानव अंगहरु निकाल्ने; तथा ग्राहकका रुपमा वेश्यावृत्तिमा संलग्न हुने ।

मानव ओसारपसार: मानव बेचविखनमा कुनै व्यक्तिलाई खरिद वा बिक्री गर्ने उद्देश्यले देश बाहिर लैजाने कुरा समावेश हुन्छ; तथा कुनै व्यक्तिलाई वेश्यावृत्ति र शोषणको उद्देश्यले लैजान विभिन्न माध्यमहरुको प्रयोग गरिनु ।

पीडितहरुको पहिचानका लागि सुझाव गरिएका परिवर्तनरु

मानव बेचविखन सम्बन्धी निर्देशिकाको दफा ६ ले पीडितहरुको पहिचानका बारेमा उल्लेख गर्दछ ।

दफा ६ को उपदफा (२) ले स्थानीय निकाय, प्रहरी तथा अन्य सुरक्षा अधिकारीहरु, संघसंस्थाहरु तथा नागरिक समाजले कुनै व्यक्ति वास्तवमै पीडित भएको हो वा होइन भनेर जान्न मानव बेचविखनको पीडित वा सम्भावित पीडितहरुसँग प्रश्नहरु सोध्नु पर्ने अनिवार्यता गरेको छ । यसरी सोधिने प्रश्नहरु मध्ये केही प्रश्नहरु यस्ता छन् – व्यक्तिको वैवाहिक स्थिति, अभिभावक तथा परिवार वा अभिभावकसँगको नाता सम्बन्ध ।

- पीडितलाई उनीहरु घरको आर्थिक अवस्थामा सहयोग गर्नुपर्ने दवाब लगायतको कारणले अथवा घरमा वा परिवारबाट हुने लिंगमा आधारित हिंसा वा घरेलु हिंसा वा अन्य प्रकारका दुर्व्यवहार, विभेद वा शोषणका कारण मानव बेचविखन हुने परिस्थितिमा परेका हुन् भनेर सोधिनु आवश्यक हुन्छ ।

उपदफा (५) ले सम्भावित पीडितहरुलाई माथि उल्लिखित प्रश्नहरुका साथै उनीहरु विदेश जानुपर्ने कारण पत्ता लगाउन सीमा तथा अध्यागमन अधिकारीहरु लगायत बेचविखन रोक्न कार्यरत संघसंस्थाहरुले अन्य प्रश्नहरु पनि सोध्नुपर्ने प्रावधान गरेको छ ।

- सम्भावित पीडित घरमा हुने वा परिवारबाट हुने लिंगमा आधारित हिंसा वा घरेलु हिंसा वा अन्य प्रकारका दुर्व्यवहार, विभेद वा शोषणबाट बच्नका लागि बाहिर जान लागेका हुन् कि भन्ने कुरा पत्ता लगाउनु आवश्यक छ । त्यस्तै, उनीहरु पारिवारिक दवाबमा परेका कारण विदेश जान लागेका हुन् कि, उनीहरुले बाहिर जाने पैसा कसरी व्यवस्था गरेका हुन् भनेर पत्ता लगाउन तथा श्रमका लागि प्रवासिन लागेको अवस्थामा उनीहरुलाई आफू जान लागेको कम्पनी वा आफूलाई रोजगारी दिलाउने व्यक्तिका बारेमा पूर्ण विवरण थाहा छ वा छैन भन्ने बारेमा पनि प्रश्नहरु लक्षित हुनु पर्छ ।

उपदफा (३) ले कुनै व्यक्ति बेचविखनको पीडित हो वा होइन भनी निर्धारण गर्न सोधिनुपर्ने प्रश्नहरुको सूची समावेश रहेको अनुसूची १ हेर्न भनेको छ ।

- घरको अवस्थाका कारण आफू उत्पीडनमा परेकाले त्यस्तो परिस्थितिबाट उन्मुक्ति पाउनका लागि उनीहरुले विदेशिने निर्णय गरेका हुन् कि भनेर पत्ता लगाउनु जरुरी छ । घरमा हुनसक्ने लिंगमा आधारित हिंसा, घरेलु हिंसा वा शोषणको सम्भावनाका बारेमा पनि प्रश्नहरु निर्धारित गरिनु पर्दछ ।

दफा ७ ले विदेशमा रहेका पीडितहरुका बारेमा उल्लेख गर्दछ ।
दफा ७ को उपदफा (१) ले यदि पीडितहरु विदेशमा भएको भए प्रहरीले मुद्दा दायर गर्ने व्यक्ति वा संस्थाको सहयोगमा प्रारम्भिक अनुसन्धान गर्नुपर्ने व्यवस्था गरेको छ ।

- अनुसन्धानको क्रममा, प्रहरीले पीडित विदेशमा हुनुको कारण तथा पीडित विदेशमा हुनु पछाडि घरमा हुने लिंगमा आधारित हिंसा, घरेलु हिंसा वा शोषण कारण हो कि होइन तथा उनीहरु फर्किएको अवस्थामा फेरि सोही हिंसा दोहोरिन सक्ने सम्भावना छ वा छैन भन्ने बारेमा पनि अनुसन्धान गर्नुपर्छ ।

उपदफा (५) का अनुसार एकपटक पीडितको पहिचान भइसकेपछि स्वदेश फिर्तीका लागि तत्काल कदम चालिनु पर्छ ।

- पीडितहरुलाई घर फर्काइएपछि उनीहरु कुनै प्रकारको शारीरिक वा मानसिक त्रासको शिकार हुनु पर्ने सम्भावना नभएको कुरा सुनिश्चित गर्नु जरुरी छ । घरमा हिंसाको वातावरणमा पीडितलाई फिर्ता ल्याउँदा यसले लिंगमा आधारित हिंसाबाट मानव बेचविखन पीडित हुने र मानव बेचविखन पीडित लिंगमा आधारित हिंसाबाट पीडित हुने चक्र निरन्तर कायम रहन सक्छ ।

उपदफा (४) ले विदेशमा रहेका कुनै व्यक्ति बेचविखनको पीडित हो वा होइन भन्ने कुरा निर्धारण गर्नका लागि सोध्नुपर्ने प्रश्नहरुको श्रृंखला समावेश भएको अनुसूची २ हेर्न भनेको छ । यसरी सोधिने प्रश्नहरुमा पीडित कसरी विदेश आइपुगेको हो तथा उनले कुनै प्रकारको समस्याको सामना गर्नुपरेको छ वा छैन प्रश्नहरु पनि हो ।

- पीडित घरको परिस्थितिका कारण विदेशिन बाध्य भएको हो कि भनेर पत्ता लगाउनु महत्वपूर्ण छ । यसमा घरमा हुने लिंगमा आधारित हिंसा, घरेलु हिंसा वा शोषणको विषय समावेश हुन्छ । यसका साथै पीडितले विदेशमा कुनै प्रकारको लिंगमा आधारित हिंसा भोग्नु परेको छ कि भन्ने कुरा ठम्याउनु पनि आवश्यक हुन्छ ।

दफा ९ र १० ले आन्तरिक बेचविखन पीडित तथा बेचविखन पीडित बालबालिकाको पहिचानको बारेमा उल्लेख गर्दछ ।

- उपरोक्त दुवै अवस्थामा पीडितहरुले घरमा लिंगमा आधारित हिंसा वा घरेलु हिंसाको सामना गर्नुपरेको छ वा छैन अथवा अन्य प्रकारको शोषण भोग्नु परेको छ कि छैन भन्ने कुरा पत्ता लगाउनु पर्दछ ।

दफा १२ ले अनुसूचीहरुमा उल्लिखित प्रश्नहरुको समूहको सहयोगमा प्रहरीले तयार गर्नुपर्ने प्रारम्भिक प्रतिवेदनका बारेमा व्यवस्था गरेको छ ।

- यसमा पीडितलाई दोष तथा लज्जाबोध नहुने गरी पीडितले तेस्रो व्यक्ति जसले पछि उनलाई शिकार बनाएको थियो, त्यो व्यक्तिलाई विश्वास गर्नुको कारणहरुका बारेमा सोधपुछ गर्ने प्रश्नहरु समावेश हुन्छ । त्यस्तै, पीडितले घर छोड्नु पर्नाको कारण घरमा लिंगमा आधारित हिंसा, घरेलु हिंसा वा शोषणको स्थिति रहेको थियो कि भनेर पत्ता लगाउन केही जाँचपड्ताल गरिनु आवश्यक हुन्छ । परिवारका अन्य सदस्यले पीडितलाई कस्तो व्यवहार गर्थे भन्ने कुरा पत्ता लगाउनु पीडितको घरको अवस्था प्रतिविम्बित गर्ने एउटा तरिका हो ।

संरक्षणका सम्बन्धमा सुझावित परिवर्तनहरु

मानव बेचविखन सम्बन्धी निर्देशिका को दफा १३, १४ र १५ ले पीडितको संरक्षण तथा पीडितलाई तिनको घरमा फर्काउने लगायत रेफरल्स्का सम्बन्धमा व्यवस्था गरेको छ ।

- लिंगमा आधारित हिंसा, घरेलु हिंसा वा अन्य त्यस्तै परिस्थितिजन्य कारकहरुले पीडितलाई बेचविखनको जोखिममा 'धकेल्ने कारक' का रुपमा कार्य गरेको हो कि भन्ने तर्फ विचार पुऱ्याउनु जरुरी छ ।
- विशेष गरी पीडितहरुलाई घर फर्काउने विकल्पमा विचार गरिने मामिलाहरुमा उक्त पक्षको अनुसन्धान गरिनु सान्दर्भिक हुन्छ । पीडितहरुलाई घर फर्काउँदा उनीहरु पुनः त्यस्तो हिंसामा नपर्ने कुरा पूर्ण रुपमा सुनिश्चित गर्न नसकिए सम्म पीडित आफैंले यो विकल्पका लागि सहमति जनाएको अवस्थामा बाहेक तिनलाई घर पठाउनु हुँदैन ।
- घरमा लिंगमा आधारित हिंसा वा अन्य प्रकारका हिंसाको अवस्था विद्यमान भएमा प्रहरीले यस्तो मामिलालाई फौजदारी अभियोजनका लागि उपयुक्त अख्तियारप्राप्त निकायमा पठाउनु पर्दछ ।
- यदि पीडितहरु बेचविखनकर्ताबाट लिंगमा आधारित हिंसामा पनि परेको भए उनीहरुलाई परिवार वा समुदायमा पुनर्मिलन गराउनु अघि पीडितले मानव बेचविखन तथा लिंगमा आधारित हिंसा दुवै दृष्टिकोणबाट उपयुक्त मनोसामाजिक पुनर्स्थापना (साइको-सोसल रिह्याविलिटेसन) प्राप्त गरेको कुरा सुनिश्चित गर्नु जरुरी हुन्छ ।

मानव बेचविखन सम्बन्धी मानक कार्यसञ्चालन कार्यविधिको दफा ४.६ ले बेचविखन भन्दा बाहेकका पीडितहरुका लागि सेवा विस्तार गर्नु पर्ने आवश्यकताको पहिचान गर्नुका साथै लिंगमा आधारित हिंसा, घरेलु हिंसा तथा बलात्कारका पीडितहरुको पनि पहिचान गरेको छ ।

मानव बेचविखन सम्बन्धी मानक कार्यसञ्चालन कार्यविधिको दफा २.२.१ (१) ले बालबालिकालाई तिनको परिवारसँग पुनस्थापना गर्ने व्यवस्था उल्लेख गर्नुका साथै बालबालिकाहरुलाई घर फिर्ता पठाउनु उनीहरुको सर्वोत्तम हितमा भएको र यसबाट उनीहरु पुनः बेचविखनको जोखिममा नपर्ने कुरा सुनिश्चित गर्न हरेक प्रयत्न गर्नु पर्ने कुरा सुझाएको छ ।

- दुवै अवस्थामा, घरमा हुने हिंसालाई समाजका साथै राज्यले समेत नजरअन्दाज गर्न सक्ने तथ्य स्पष्ट रुपमा उल्लेख गरिनुपर्दछ र यो स्थिति बेचविखनको मुख्य कारण बन्न सक्ने हुनाले पीडितलाई तिनको घरपरिवारमा फिर्ता पठाउनु अघि त्यस्तो अवस्था नहुने निश्चित गर्नुपर्छ ।
- यदि बालबालिकाले बेचविखनकर्ताबाट लिंगमा आधारित हिंसा भोगेका भए उनीहरुलाई स्वस्थ्य (हिल) बनाउन तथा आत्मविश्वास फर्काउन उपयुक्त तथा दीर्घकालीन मनोसामाजिक सेवा प्रदान गरिनु पर्दछ ।

लिंगमा आधारित हिंसाको मानक कार्य सञ्चालन कार्यविधि तथा नैतिक निर्देशिकाको दफा २ ले 'लिंगमा आधारित हिंसाका सर्भाइभरहरुसँग काम गर्ने निर्देशक सिद्धान्तहरु' का बारेमा व्यवस्था गरेको छ ।

- उपरोक्त निर्देशक सिद्धान्तहरुले लिंगमा आधारित हिंसा तथा मानव बेचविखन सम्बन्धी अपराधका दुई वर्गका बीच ओभरल्याप हुनसक्ने सम्भावनाका कारण यी दुवै प्रकारका हिंसाका पीडितहरु बीच कुनै विभेद नहुने कुरा सुनिश्चित गर्नु पर्ने आवश्यकता स्पष्ट रुपमा व्यक्त गर्नु पर्दछ । यसमा पीडितहरुको गोपनीयताको सुनिश्चितता तथा कुनै हस्तक्षेप गर्नु अघि तिनको सुसूचित सहमति लिनुपर्ने विषय समावेश हुन्छ ।

उपरोक्त निर्देशक सिद्धान्तहरुले महिला तथा बालिकाहरुको सुरक्षालाई उच्च प्राथमिकतामा राखिन ुपर्ने कुरामा जोड दिएको छ ।

- लिंगमा आधारित हिंसाका पीडितहरुलाई प्रायः मानव बचेविखनकर्ताले निशाना बनाउने हुनाले त्यस्ता सुरक्षाको पाटाहरुमा उनीहरु बेचविखनको जोखिमका हिसाबले संवेदनशील नहुन् भन्ने कुरा सुनिश्चित गर्ने विषय समावेश गरिनुपर्छ । यसले खासगरी बेचविखन हुनसक्ने जोखिममा रहेका पीडितहरुका आवश्यकताहरुको मूल्यांकन गरी उनीहरुलाई आवश्यकता अनुसार विशिष्टिकृत सेवाहरु प्रदान गर्ने विषय समावेश गर्दछ ।
- बेचविखनका पीडितहरुलाई घरपरिवारमा पुनर्मिलनका लागि पठाउनु अघि उनीहरु पुनः बेचविखनको चक्रमा पर्न बाध्य हुने कुनै पनि प्रकारको लिंगमा आधारित हिंसाको शिकार नहुन् भन्ने विषय सुनिश्चित गर्न सावधानी अपनाउनु पर्दछ ।

लिंगमा आधारित हिंसा सम्बन्धी मानक कार्यसञ्चालन कार्यविधि तथा नैतिक निर्देशिकाको दफा ३ ले पीडित/सर्भाइभरले भोग्नु पर्ने हुन सक्ने सम्भावित जोखिमहरुका आधारमा तिनको सुरक्षा योजनाका बारेमा उल्लेख गर्दछ ।

- जोखिमका कारक तत्वहरुको मूल्यांकनमा पीडित बेचविखनमा पर्नसक्ने सम्भावना तथा उनीहरुले आफूलाई बेचविखन हुने अवस्थामा पाउँदा तिनको सुरक्षा योजना बनाउने विषयलाई समावेश गरिनु पर्दछ ।

लिंगमा आधारित हिंसा सम्बन्धी मानक कार्यसञ्चालन कार्यविधि तथा नैतिक निर्देशिकाको दफा ४ खासगरी नैतिक मार्गनिर्देशनको विषयमा समर्पित छ ।

- कस्तो प्रकारका सेवाहरु प्रदान गर्ने तथा त्यस्ता सेवा कसरी प्रदान गर्ने भन्ने सुझावहरुले घरेलु हिंसा, यौनजन्य अपराध तथा बाल दुर्व्यवहार भोगेका महिला तथा बालबालिकाहरु बेचविखनमा पर्न सक्ने उच्च जोखिममा हुने तथ्यलाई स्पष्ट रुपमा उल्लेख गर्नु पर्दछ । प्रदान गरिने सेवाहरुको भागका रुपमा उनीहरुलाई सम्भावित बेचविखनकर्ताले केकस्ता लालच देखाउँछन् र त्यसलाई व्यक्तिगत र संस्थागत दुवै स्तरबाट कसरी प्रतिवाद गर्ने भन्ने बारेमा सचेत बनाउने सुनिश्चितता गर्ने प्रयत्न गरिनु पर्दछ । यस्ता सेवाहरु लिंगमा आधारित हिंसाका पीडितहरुका लागि उपलब्ध सेवाहरुका बारेमा उनीहरुको ज्ञान बढाउने तर्फ पनि केन्द्रित हुनु पर्दछ ।

सोही दफाले यदि कुनै हस्तक्षेप गरिएको खण्डमा त्यसले महिला तथा बालबालिका बीच 'सांस्कृतिक मान्यता, लैंगिक विभेद, लिंगमा आधारित बहिष्करण, असमान लैंगिक नियम वा संस्थागत कमीकमजोरी' जस्ता विभिन्न कारणले हुने हिंसामा अभिवृद्धि गर्छ कि भनेर बुझ्नका लागि एउटा मूल्यांकन गर्नु अनिवार्य गरेको छ ।

- त्यस्तो मूल्यांकनमा महिला तथा बालबालिकाहरु बेचविखनको जोखिममा छैनन् भन्ने सुनिश्चित गर्ने एउटा जाँचसूची (चेकलिष्ट) समावेश गर्नुपर्दछ ।

त्यसैगरी, यसले हिंसा तथा दुर्व्यवहारको शिकार भएका महिला तथा बालबालिकाका लागि निर्देशपरक (रेफरल) सेवाहरु प्रदान गर्नुका साथै उनीहरुको पुनर्स्थापनाका क्रममा तिनलाई सहयोग गर्ने सामाग्रीहरु समेत प्रदान गर्न पनि भन्दछ ।

- हिंसाको अवस्था भोगिरहेका महिला तथा बालबालिकाहरुले आफू बेचविखनकर्ताले शिकार बनाउन सक्ने परिस्थितिमा भएको कुरामा सचेत हुनुपर्छ तथा बेचविखनकर्ताले आफूलाई सम्पर्क गर्न अपनाउने विधिहरुका बारेमा निरन्तर चनाखो भइराख्नु पर्छ । उनीहरुलाई बेचविखनकर्ताले सम्पर्क गर्न सक्ने त्यस्ता माध्यममा सामाजिक सञ्जाल लगायतका विभिन्न माध्यमहरु हुन्छन् र ती माध्यमको प्रयोगबाट उनीहरु बेचविखनमा पर्ने तर्फ उन्मुख हुन सक्छन् । यस्ता विषयहरुमा उनीहरुलाई शैक्षिक सामाग्रीहरुका साथै परामर्शका माध्यमबाट सूचना प्रदान गर्न सकिन्छ ।

This research was funded by a grant from the United States Department of State.
The opinions, findings and conclusions stated herein are those of the author[s] and do not necessarily reflect those of the United States Department of State.